# स्थानीय राजपत्र

## पालुङटार नगरपालिकाद्धारा प्रकाशित

**खण्ड ६ संख्या १ मिति २०७९/१०/१५**


पालुङटार नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### भाग १

### पालुङटार नगरपालिका कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९

नगर सभाबाट पारित मितिः २०७९।१०।११

**प्रस्तावना :** नगरपालिकाको समग्र विकासका लागि राजश्व लगाउने तथा उठाउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ धारा को उपधारा १, धारा २२८ को उपधारा २ तथा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था बमोजिम पालुङटार नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन नगरपालिकाको अधिकार क्षेत्रभित्र लागू हुनेछ र यस कानुन बमोजिमको कर वा राजस्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भएपनि निजको हकमा समेत लागू हुनेछ ।

(३) यो ऐन पालुङटार नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "आर्थिक ऐन" भन्नाले नगरपालिकाले सालवसाली रुपमा जारी गर्ने आर्थिक ऐन सम्झनु पर्छ ।

(ख) "कम्पनी" भन्नाले प्रचलित नेपाल कानुन बमोजिम स्थापन भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल कानुन बमोजिम स्थापित संगठित संस्थालाई समेत जनाउँदछ ।

(ग) "कर" भन्नाले परिच्छेद ४ बमोजिम लागेको वा लाग्ने कर सम्झनु पर्छ ।

(घ) "कर अधिकृत" भन्नाले नगरपालिकाको राजस्व शाखा प्रमुखलाई सम्झनु पर्दछ र सो शब्दले राजश्व प्रमुखद्धारा प्रत्यायोजित अधिकार प्रयोग गर्ने नगरपालिकाको अधिकृतस्तरको कर्मचारीलाई समेत जनाउँछ ।

(ङ) "कर एकाइ" भन्नाले नगरपालिकामा कर सम्बन्धी काम कारवाही र निर्णय गर्ने नगरपालिकाको शाखा, उपशाखा, वडा कार्यालय वा सो प्रयोजनको लागि तोकिएको कार्यालयको रुपमा रहेको नगरपालिका अन्तर्गतको संगठन संरचना सम्झनु पर्छ ।

(च) "करदाता" भन्नाले कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ ।

(छ) "कर निर्धारण" भन्नाले यस ऐन र अन्य प्रचलित कानून बमोजिम कर तिर्नुपर्ने दायित्व भएको व्यक्तिको कर दायित्वको निश्चित गर्ने कार्य सम्झनु पर्छ र सो शब्दाले पुनःकर निर्धारण तथा संशोधित कर निर्धारण समेतलाई जनाँउछ ।

(ज) “कार्यपालिका” भन्नाले पालुङटार नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(झ) “गैरकर राजस्व” भन्नाले नगरपालिकाको आन्तरिक रुपमा आय संकलन गर्ने कर बाहेक अन्य सबै किसिमका आयका स्रोतहरुलाई जनाँउछ र यो शब्दले सोमा लाग्ने जरिवाना समेतलाई जनाँउछ ।

(ञ) “नगरपालिका” भन्नाले पालुङटार नगरपालिका सम्झनु पर्छ ।

(ट) “प्रमुख” भन्नाले नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(ठ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रशासकीय प्रमुखलाई सम्झनु पर्छ ।

(ड) “सभा” भन्नाले पालुङटार नगरपालिकाको नगर सभा सम्झनु पर्छ ।

(ढ) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

## परिच्छेद २

## राजस्व सम्बन्धी सामान्य सिद्धान्त, क्षेत्र र आधार

**३. कर तथा गैरकर राजस्व निर्धारणका आधार :** (१) कर राजस्व देहायका सिद्धान्तलाइ आधार लिई लगाईनेछ :-

(क) कर तिर्न सक्ने क्षमता,

(ख) कर प्रणाली समानता र न्यायमा आधारित हुने अवस्था,

(ग) कर प्रशासन सरल, पारदर्शी र मितव्ययी हुने अवस्था,

(घ) नागरिकको सुविधा,

(ङ) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरणको सिर्जना,

(च) करको आधार, करको दर र कर तिर्ने अवधिको सुनिश्चितता,

(छ) पश्चातदर्शी असर नपर्ने गरेर ।

(२) गैरकर राजस्व लगाउदा र उठाउँदा उपलब्ध गराइने सेवा, सहुलियत र सुविधाको लागत, संचालन र सम्भार खर्चलाई आधार मानी लगाइने र उठाइने छ ।

## परिच्छेद ३

## कर प्रशासन सम्बन्धी व्यवस्था

४. **कर प्रशासन :** (१) नेपालको संविधान एवं प्रचलित अन्य कानूनको व्यवस्था अनुरुप आफ्नो अधिकार क्षेत्रभित्रको कर तथा गैरकरको प्रशासनिक कार्य नगरपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन व्यवसायिक, चुस्त, दुरुस्त र प्रभावकारी बनाउन आवश्यकता अनुसार संरचना रहन सक्ने छन् ।

५. **कर्मचारी सम्बन्धी व्यवस्था :** (१) राजस्व शाखामा रहने कर्मचारीको तह र दरबन्दी नगर सभाले स्वीकृत गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षणले गरे बमोजिम हुनेछ ।

(२) राजस्व शाखा प्रमुखले कर अधिकृतको हैसियतमा काम गर्नेछ ।

(३) राजस्व शाखाले स्वीकृत दरबन्दीका आधारमा वडा कार्यालयहरुमा राजस्व सम्बन्धी काम गर्ने गरी तोकिएका कर्मचारीहरु तथा राजस्व संकलन स्थानमा तोकिएका कर्मचारीहरुलाई काममा लगाउन सकिनेछ ।

६. **कर अधिकृतको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) करदाता दर्ता गर्ने,

(ख) करदाताबाट विवरण प्राप्त गर्ने,

(ग) कर परीक्षण तथा अनुसन्धान गर्ने,

(घ) कर तथा गैरकर संकलन गर्ने,

(ङ) कर तथा गैर कर राजस्व चुहावट रोक्न आवश्यक कार्य गर्ने,

(च) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने,

(छ) कर सम्बन्धी कानुन र कर प्रशासन सुधारका आयहरु बारे नगरपालिकालाई सुझाव दिने,

(ज) राजस्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने,

(झ) कर दाताका खातापाता र हरहिसाव दुरुस्त राख्न लगाउने,

(ञ) करदातामैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक काम गर्ने,

(ट) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने,

(ठ) कर सम्बन्धी अन्य कार्य गर्ने ।

**७. अधिकार प्रत्यायोजन :** (१) राजस्व शाखा प्रमुखले यस ऐन बमोजिम आफूमा रहेको कर तथा गैरकर राजस्व उठाउने अधिकार आफू मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कर अधिकृतले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफू मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) राजस्व शाखा प्रमुखले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ ।

**८. प्रत्यायोजित अधिकार र जिम्मेवारी :** (१) दफा ७ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहने छ ।

(२) दफा ७ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्ने कर्मचारीले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने अधिकारी प्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद ४

## कर तथा गैरकर राजस्व सम्बन्धी व्यवस्था

**९. सम्पत्ति कर :** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र जग्गामा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा सम्पत्ति कर लगाउनेछ ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा दफा १३ बमोजिम भूमिकर ( मालपोत) लगाइने छ ।

*स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनु पर्दछ ।*

(३) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर जग्गाको अभिलेख प्रत्येक वर्ष दुरुस्त मिलाई राख्नु पर्नेछ ।

(४) सम्पत्ति कर निर्धारणका लागि सम्पत्ति मूल्याङ्कन देहाय बमोजिम गरिने छ :-

(क) घर र घरजग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,

(ख) घर र घरजग्गाको चलन चल्तीको मूल्य र घरको ह्रास मूल्य,

(ग) घर र घरजग्गाको व्यापारिक वा आवसीय उपयोगको अवस्था

(५) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिकस्तर र कर तिर्न सक्ने क्षमताका आधारमा गर्नुपर्नेछ ।

(६) उपदफा (४) बमोजिम घर जग्गा मूल्याङ्कन गर्न देहायको घर जग्गा मूल्याङ्कन समिति गठन गर्न सक्नेछ :-

(क) नगर कार्यपालिकाले तोकेको इन्जिनियर वा प्राविधिक - संयोजक

(ख) नगर कार्यपालिकाले तोकेको घरजग्गा सम्बन्धी विज्ञ एक जना - सदस्य

(ग) राजश्व व्यवस्थापन उपशाखा प्रमुख - सदस्य सचिव

तर यस्तो समिति गठन नभएको अवस्थामा राजश्व परामर्श समितिले नै मूल्याङ्कन समितिको कार्य गर्नेछ ।

(७) उपदफा (६) बमोजिम गठित समितिको कार्यावधि तीन वर्षको हुनेछ र समितिले प्रत्येक वर्षमा घर जग्गा मूल्याङ्कनका आधार र दररेटको सुझाव नगरपालिकामा सिफारिश गर्नेछ ।

(८) घरजग्गा मूल्याङ्कन समितिले बैठकको कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(९) सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछ :-

(क) आर्थिक वर्षको पहिलो दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहेको छ सो सम्पत्ति सोही व्यक्तिको नाममा ।

(ख) कुनै सम्पत्ति एक भन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्पष्ट भएकोमा सोही अनुसार र अन्यथा सबैको बराबर हक ।

(१०) करदाताले प्रत्येक वर्ष स्वयम कर निर्धारण गरी नगरपालिकामा विवरण पेश गर्नु पर्नेछ ।

(११) यस दफा बमोजिम प्रत्येक आर्थिक वर्षमा करदाताले दाखिला गर्नुपर्ने कर सोही आर्थिक वर्षभित्र कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

(१२) नावालकको नाममा रहेको सम्पत्तिमा लाग्ने सम्पत्ति कर दाखिला गर्ने दायित्व निजको संरक्षक वा माथवर व्यक्तिको हुनेछ ।

(१३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको घर र घर जग्गामा सम्पत्ति कर लाग्ने छैन :-

(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको स्वामित्वमा रहेको घर र जग्गा,

(ख) सरकारी अस्पतालको घर र घर जग्गा,

(ग) गुठीको स्वामित्वमा रहेको घर र घर जग्गा,

(घ) मुनाफाको उद्देश्य नराखी संचालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण बोर्ड र सरकारी संस्थानको घर र घरजग्गा,

(ङ) मुनाफाको उद्देश्य नराखी संचालन भएका संघ, संस्थाको घर र घर जग्गा,

(च) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र घर जग्गा,

(छ) खानेपानी संकलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु,

(ज) कुटनैतिक नियोगका घर र घरजग्गा ।

(१४) सम्पत्तिको पहिचान, विवरण संकलन, अभिलेख प्रणाली, सम्पत्ति मूल्याङ्कन, कर असूली तथा कर सहुलियत र जरीवाना सम्बन्धी व्यवस्थाका लागि आवश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

**१०. घर जग्गा बहाल कर :** (१) नगरपालिकले आफ्नो क्षेत्र भित्र वहालमा लगाएको घरको आकार, प्रकार, बनोट र चर्चेको जग्गाको आधारमा घरजग्गा बहाल कर लगाई असुल उपर गर्नेछ ।

*स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि घर भन्नाले भवन, गोदाम, टहरा, छप्पर (सेड) कारखाना र यस्तै पक्की वा कच्ची संरचना सम्झनु पर्छ ।*

(२) घर जग्गा बहालमा लगाउने व्यक्ति बहाल करको करदाता हुनेछ । कम्पनी वा संस्था मार्फत घर बनाई घर बहालमा दिएको हकमा उक्त कम्पनी वा संस्था घर बहाल करको करदाता हुनेछ ।

(३) घर जग्गा बहालमा दिँदा प्रत्येक घर वा जग्गा धनीले सम्झौता गरी त्यस्तो सम्झौताको प्रति वा सम्झौतामा संशोधन गरिएमा सोको विवरण सो कार्य भएको मितिले पैतिस दिनभित्र कार्यालयमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएपनि कुनै कार्यालय, कम्पनी, फर्म, एजेन्सी, परामर्शदाता वा जुनसुकै प्रकारको संगठित संस्थाले घर वा जग्गा बहालमा लिएकोमा बहाल भुक्तानी गर्दा अग्रिम कर कट्टी गरी कार्यालयमा बुझाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्ने घर जग्गा बहाल कर करकट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र दाखिला गर्नुपर्नेछ ।

(६) घर जग्गा बहालको प्रयोजनको लागि नगरपालिकाले न्यूनतम मासिक बहाल रकम निर्धारण गरी लागु गर्न सक्नेछ ।

(७) न्यूनतम मासिक बहाल रकम निर्धारण सम्बन्धी अन्य व्यवस्था निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

(८) घर जग्गा बहालमा दिने धनीले घर जग्गा बहाल सम्बन्धी विवरण प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र पेश गर्नु पर्नेछ ।

(९) एक आर्थिक वर्षको घर बहाल कर एकमुष्ट अग्रिम रुपमा श्रावण महिना भित्र दाखिला गर्ने धनीलाई घर जग्गा बहाल करमा दश प्रतिशत छुट दिइने छ ।

**११. घर जग्गा रजिष्ट्रेसन शुल्क :** (१) नगरपालिकाले घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क लगाई उठाउन सक्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्का समेत उठाउनु पर्नेछ। यसरी असुल भएको घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क मध्येबाट साठी प्रतिशतले हुने रकम नगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(३) नगरपालिका क्षेत्रभित्र घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन पारित गरी गराई स्वामित्व प्राप्त गर्ने व्यक्तिले घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क बुझाउनु पर्नेछ।

(४) घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क स्वामित्व हस्तान्तरण गर्दाको समयमा बुभाउनु पर्नेछ।

(५) घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको थैली वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम रकम बमोजिम त्यस्तो घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन गर्ने कार्यालयबाट असूल उपर गरिनेछ।

(६) रजिष्ट्रेशन शुल्क थैली रकम वा सो प्रयोजनको लागि तोकिएको रकम मध्ये जुन बढी हुन्छ सो रकम को १(एक) प्रतिशत हुनेछ।

(७) घर, जग्गा वा घर जग्गाको स्वामित्व प्राप्त गर्ने व्यक्ति महिला नागरिक भएमा उपदफा ६ बमोजिम लाग्ने शुल्कमा २५ प्रतिशत रकम छुट हुनेछ।

(८) संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार तथा सरकारी निकायलाई रजिष्ट्रेशन शुल्क लाग्ने छैन्।

(९) नगरपालिकाले घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पुँजीगत लाभकार असुल गरी तोकेको राजस्व खातामा जम्मा गर्नु पर्नेछ।

**१२. सवारी साधन कर :** (१) नगरपालिकाले कर लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, अनुमति, नवीकरण तथा नियमनका लागि कार्यपालिकाले आवश्यक कार्यविधि वनाई लागु गर्न सक्नेछ।

(२) यस दफा बमोजिम लगाइएको सवारी कर वार्षिक रुपमा वुझाउनु पर्नेछ।

**१३. भूमिकर (मालपोत) :** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र यस ऐन बमोजिम सम्पत्ति कर लाग्ने घर र जग्गा बाहेकको अन्य जग्गामा मूल्याङ्कनको आधारमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा भूमिकर (मालपोत) लगाउने र उठाउनेछ ।

(२) यस ऐन बमोजिम सम्पत्ति कर लाग्ने घर र जग्गा बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लगाइने छ र त्यस्तो जग्गाको जग्गाधनीले भूमिकर (मालपोत) तिर्नु पर्नेछ ।

(३) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार, प्रदेश सरकार, नगरपालिका र कूटनीतिक नियोगको नाममा भएका जग्गामा भूमिकर (मालपोत) लाग्ने छैन ।

(४) प्राकृतिक प्रकोपको अवस्था वा अन्य गम्भीर परिस्थितिमा नगरपालिकाले आधार र कारण खोली त्यसबाट प्रभावित सबैले समान सुविधा पाउने गरी भूमिकर (मालपोत) मा छुट वा मिनाहा दिने निर्णय गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम छुट दिने निर्णय भएकोमा सो निर्णय भएको मितिले पन्ध्र दिनभित्र त्यसको सूचना नगर सभाको बैठक चलेको भए नगर सभामा पेश गर्नु पर्नेछ र बैठक नचलेको भए त्यसपछि बस्ने सभाको पहलो बैठकले पारित गर्नु पर्नेछ ।

(६) नगरपालिकाले यस दफा बमोजिमको भूमिकर (मालपोत) आफैले उठाउन वा नेपाल सरकार अन्तर्गतको कुनै कार्यालय मार्फत उठाउने व्यवस्था मिलाउन सक्नेछ ।

(७) भूमिकर (मालपोत) प्रत्येक वर्ष असोज महिना भित्र  कर एकाई वा सम्बन्धीत वडा कार्यालयमा वा नगरपालिकाले तोकेको कार्यालयमा बुझाउनु पर्नेछ ।

(८) नगरपालिकाले प्राकृतिक प्रकोपको अवस्था वा विशेष परिस्थिति सिर्जना भएकोमा आधार र कारण खोली नगरपालिकाभर वा त्यसको कुनै खास क्षेत्र तोकी सो क्षेत्रको जग्गाको भूमिकर बुझाउने म्याद बढाउन सक्नेछ । सो म्याद भित्र भूमिकर बुझाएकोमा म्याद भित्र बुझाएको मानिनेछ र थप शुल्क लाग्ने छैन ।

**१४. मनोरन्जन कर :** नगरपालिकाले चलचित्र घर, सांकृतिक प्रदर्शन हल, कन्सर्ट जस्ता मनोरञ्जनका व्यवसाय वा सेवामा प्रदेश कानुनले तोकेकोमा प्रदेश कानुन बमोजिम र नतोकेकोमा नगरपालिकाको आर्थिक ऐन बमोजिम मनोरञ्जन कर उठाउने छ ।

**१५. विज्ञापन कर :** (१) नगरपालिकाले नगरपालिका क्षेत्रभित्र राखिने विज्ञापन सामग्रीमा विज्ञापन कर लगाई असूल गर्नेछ ।

*स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि ''विज्ञापन सामग्री'' भान्नाले होडिङ बोर्ड, साइन बोर्ड, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने, लेख्ने वा विद्युतीय तरंग प्रयोग गरिएको प्रचारको लागि राखिने वस्तु वा सामग्री व्यक्ति वा संगठित संस्थाले नगरपालिका क्षेत्रभित्र पर्ने आफ्नो ब्यापार व्यवसायको प्रचार गर्ने एवं आफ्ना लक्षित वर्ग र समुदायलाई खास सन्देश दिने हेतुले गरिने प्रचारलाई समेत सम्झनु पर्छ ।*

(२) विज्ञापन राख्न अनुमतिका लागि निवेदन दिनेबाट विज्ञापन कर असूल गरिने छ ।

(३) यस दफा बमोजिमको विज्ञापन सामग्री राख्न नगरपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको अनुमति पत्र दिदा सर्वसाधारणको हित सम्बन्धी अन्य कुराका अतिरिक्त विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नुपर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क, सौन्दर्य विगार्न नहुने कुरा, सामग्रीको भाषिक शुद्धता र शालीनता जस्ता शर्त किटान गरिएको हुनु पर्नेछ ।

(५) कुनै कम्पनी, फर्म, एजेन्सी, संस्था वा व्यक्तिले अरु कसैले प्रायोजन गरेको सूचनापट्टी (होर्डिङ्ग बोर्ड) राखेमा यस दफा बमोजिमको विज्ञापन कर सम्बन्धित प्रयोजनबाट असूलगरी कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

(६) नेपाल सरकार वा प्रदेश सरकार वा सरकारी संस्थाको जग्गा वा सम्पत्ति (पोल आदि) मा विज्ञापन सामग्री राख्नु अघि विज्ञापन राख्ने संस्था वा कम्पनी वा व्यक्तिले सम्बन्धित निकायबाट सिफारिस वा अनुमति लिनु पर्नेछ ।

(७) व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको कर छूट वा मिनाहा हुने छैन ।

(८) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाका तर्फबाट राखेका विज्ञापनमा कर लाग्ने छैन ।

**१६. व्यवसाय कर :** (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्रको व्यापार, व्ययवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय दर्तामा र नवीकरणमा बार्षिक व्यवसाय कर लगाउन र उठाउन सक्नेछ ।

(२) एकै व्यक्तिले आफ्नो नाममा एक वा एकै प्रकृतिका व्यवसाय वा शाखा इकाई वा सो भन्दा बढी स्थानमा सञ्चालन गरेकोमा ६० दिन भित्र सोको जानकारी कार्यालयलाई दिनु पर्नेछ ।

(३) करदाताले व्यवसाय सञ्चालन गर्दा निवेदन साथ पेश गरेका विवरणमा हेरफेर परिवर्तन वा नामसारी गर्नुपर्ने भएमा त्यसको कारण परेको मितिले साठी दिन भित्र कार्यालयमा जानकारी दिनु पर्नेछ ।

(४) कर अधिकृतले करदाताले यस दफा बमोजिम पेश गरेका विवरण छानविन गरी अन्यथा देखिए यथार्थ विवरण पेश गर्न तीस दिनको म्याद दिई करदातालाई सूचना दिन सक्नेछ ।

(५) एकपटक व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय सञ्चालनमा रहेको मानी कर असूल गरिने छ ।

(६) कुनै करदाताले लाग्ने कर बुझाई व्यवसाय दर्ता खारेज गर्न निवेदन दिन सक्नेछ ।

**१७. जडीबुटी, कवाडी र जीवजन्तु कर :** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ ।

*स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि कारोवार भन्नाले विक्रेताले जारी गरेको विल वा वीजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ र नगरपालिकाले कर लगाउँदा कारोवार भएको वस्तुको परिमाणको आधारमा कर लगाउने छ ।*

(२) उपदफा (१) बमोजिमका वस्तुको व्यवसायिक कारोवार गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले व्यवसाय इजाजत दिँदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ ।

**१८. सेवा, शुल्क तथा दस्तुर :** (१) नगरपालिकाले संविधानको अनुसूची ८ बमोजिमको क्षेत्र र विषयमा आफूले पुऱ्याएको सेवा वापत सेवा शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको सेवा शुल्क सेवा सञ्चालकले वार्षिक रुपमा दाखिला गर्नुपर्नेछ ।

(३) उपदफा (१) वमोजिमको सेवा शुल्क लागु भएका व्यवसायले आर्थिक ऐन बमोजिम लाग्ने व्यवसाय कर समेत एकै पटक संकलन गर्न सक्नेछ ।

(४) नगरपालिकाले निर्माण वा सञ्चालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवाग्राहीलाई सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ :-

(क) खानेपानी, विजुली, एम्बुलेन्स, सबवहान र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, अतिथि गृह, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, वस पार्क, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

(घ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(ङ) नगरपालिकाले प्रदान गर्ने न्यायिक सेवा, सिफारिश, प्रमाणित, इजाजत सम्बन्धी सेवा,

(५) नगरपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, स्थानीय पत्र पत्रिका, "घ" बर्गको निर्माण व्यबसायी इजाजत, सहकारी दर्ता अनुमति, कृषक समूह दर्ता अनुमति, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल, स्थानीय व्यापारिक फर्मको दर्ता अनुमति, घरेलु तथा साना उद्योगहरुको दर्ता अनुमति, टावर राख्न अनुमति, आदि सेवामा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा सेवा शुल्क दस्तुर लगाउने र उठाउनेछ ।

**१९. पर्यटन शुल्क :** (१) नगरपालिकाले आफै निर्माण गरेको पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा पर्यटन शुल्क लगाई उठाउन सक्ने छ । पर्यटकीय क्षेत्रमा उपलब्ध गराएको सेवाको लागत सञ्चालन र सम्भार खर्चलाई आधार मानि पर्यटन शुल्क लगाउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले आफ्नो क्षेत्र भित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाइने छैन ।

(३) सांस्कृतिक तथा पुरातात्विक सम्पदा स्थल वा पर्यटन व्यवसाय र पर्यटकीय पूर्वाधार आदिमा लाग्ने पर्यटन शुल्क प्रदेश कानुन बमोजिम हुनेछ ।

२०. **सवारी साधन पार्किङ्ग शुल्क :** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्ग स्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत पार्किङ्ग गर्ने समयको आधारमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ । तर नेपाल सरकार र प्रदेश सरकारले निर्माण गरेका राष्ट्रिय र प्रदेश स्तरका राजमार्गको छेउछाउ वा पेटीमा पार्किङ्ग शुल्क उठाइने छैन ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ ।

(३) नगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसँगको समन्वयमा गर्नेछ ।

२१. **विक्री तथा शुल्क :** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको खोलानाला वा अन्य सार्वजनिक स्थलवाट वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा उत्पादन हुने स्लेट, ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुहरु सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा विक्री गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका वस्तुहरु विक्रीको लागि विक्री परिमाण तथा न्यूनतम दर निर्धारण गरी वोलपत्र, दरभाउ पत्र वा डाँक बढावढ माध्यमवाट सो नभएमा घाटगद्धि गरी तोकिएको दरमा आफैले विक्री गर्न सक्नेछ ।

(३) नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रचलित कानून बमोजिम स्वीकृति लिई निजी स्वामित्वको जग्गामा सञ्चालित खानीबाट वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परिक्षणले तोकेको परिमाणमा गरिने स्लेट, ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तुको उत्खनन्, संकलन वा विक्रीमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा संकलन शुल्क लगाउनेछ ।

(४) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न सक्नेछ ।

(५) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु कार्यपालिकाको निर्णय बमोजिम लिलाम विक्री गर्न सक्नेछ ।

(६) नगरपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम, पुस्तक, घर नम्वर प्लेट, नक्शा वा अन्य सेवाहरु सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा विक्री गर्न सक्नेछ ।

(७) यस दफा बमोजिम विक्री तथा संकलन शुल्क वापत प्राप्त रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम नगरपालिकालाई प्राप्त हुने रकम स्थानीय सञ्चित कोषमा जम्मा गरिनेछ र प्रदेशलाई प्राप्त हुने रकम प्रदेशलाई हस्तान्तरण गरिनेछ ।

२२. **बहाल विटौरी शुल्क :** (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको वा आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको पोखरी, हाटबजार, प्रदर्शनीस्थल वा मेला वा जात्रामा अस्थायी अनुमति दिएका घर पसल तथा सार्वजनिक, पर्ति वा ऐलानी जग्गामा बनेका संरचनाको उपयोग वापत सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा बहाल विटौरी शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बहाल विटौरीमा दिँदा अवधी तोकी शर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

(३) यस दफा बमोजिम नगरपालिकालाई बहाल विटौरी शुल्क बुझाएकै आधारमा मात्र त्यस्तो घर जग्गा वा सम्पत्ति उपर सोको उपयोग गर्ने व्यक्तिको कुनै किसिमले स्वामित्व कायम भएको मानिनेछैन र नगरपालिका वा प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले त्यस्तो घर जग्गा वा सम्पत्ति जुनसुकै बखत खाली गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

२३. **वातावरण शुल्क :** पालुङटार नगरपालिका भित्रको वातावरण प्रदुषण गर्ने उद्योग, व्यवसाय, प्राकृतिक श्रोतहरुको उत्खनन् निकासी आदिमा कानुन बमोजिम वातावरण शुल्क लगाई असुल गर्न सक्नेछ ।

२४. **अन्य शुल्क लगाउन सक्ने :** (१) नगरपालिकाले संविधान र संघीय एवं प्रदेश कानुन को विपरित नहुने गरी आफूले प्रदान गरेको सेवा, सुविधा र व्यवस्थापन गरेका थप वा नयाँ विषयमा शुल्क लगाउन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम सेवा शुल्क लगाउने वा त्यसको दरमा हेरफेर गरेको कुराको विवरण त्यस्तो निर्णय भएको मितिले सात कार्य दिनभित्र नगर सभाको बैठक चलेको समयमा सभामा र त्यस्तो बैठक नचलेको समयमा त्यस पछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्नेछ ।

**२५. छुट वा मिनाहा :** (१) खास अवस्थामा यस ऐन बमोजिम लाग्ने वा लागेको गैरकर राजश्व आधार र कारण खुलाई कार्यपालिकाले निर्णय गरी आंशिक वा पूर्ण रुपमा छुट दिन वा मिनाहा गर्न सक्नेछ । यसरी छुट दिँदा समान अवस्थाका सबै करदातालाई समान व्यवहार गरिने छ ।

(२) नेपाल सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामग्री, कारोबारमा कर नलाग्ने व्यवस्था गरेकोमा नगरपालिकाले तत् सरकारसँग समन्वय गरी कर छुट सम्बन्धी सो व्यवस्थाको पालना गर्ने, गराउने छ ।

(३) उपदफा (१) बमोजिम गैरकर राजश्वमा छुट वा मिनाहा दिएको विवरण सभाको बैठक चलेको समयमा सभामा र सभाको बैठक नचलेको समयमा त्यस पछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद ५
## करदाता दर्ता सम्बन्धी व्यवस्था

**२६. करदाताको पहिचान तथा दर्ता :** (१) व्यवसाय सञ्चालन गर्नुपूर्व दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्नु पर्नेछ ।

(२) कर एकाइले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोबार वा कर एकाइलाई कुनै स्रोतबाट प्राप्त सूचना र सो एकाइले छानविन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरिनेछ ।

(४) कर एकाइले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्नेछ ।

(५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्बन्धी कारोवार गर्दा सोहि नम्बरको प्रयोग गर्नु पर्नेछ ।

२७. **करदाताको दायित्व :** यस ऐन बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछ :-

(क) आफूलाई करदाताको रुपमा दर्ता गराउने,

(ख) निर्धारित समयमा विवरण पेश गर्ने,

(ग) निर्धारित समयमा कर दाखिला गर्ने,

(घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा व्याज बुझाउनु पर्ने भए समयमा बुझाउने,

(ङ) हिसाब किताब र अभिलेख दुरुस्त राख्ने,

(च) कर अधिकृतले मागेको सूचना तथ्याङ्क समयमा उपलब्ध गराउने,

(छ) कार्यालयलाई आवश्यक सहयोग गर्ने ।

२८. **करदाताको अधिकार :** (१) यस ऐन बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएका करदातालाई देहाय बमोजिमको अधिकार हुनेछ :-

(क) सम्मानपूर्वक व्यवहारको अधिकार,

(ख) प्रचलित कानुन बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने,

(ग) कर सम्न्बधी विषयमा प्रमाण पेश गर्ने,

(घ) प्रतिरक्षाको लागि कानुन व्यवसायी वा लेखापरीक्षक नियुक्ति गर्ने,

(ङ) कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक अतिक्रमण नहुने अधिकार ।

(२) करदाताले उपदफा (१) बमोजिम अधिकारको दावी गर्न आफ्नो दायित्व पूरा गरेको हुनु पर्नेछ ।

**२९. करदाताको प्रतिनिधित्व :** (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानुन व्यवसायी वा लेखापाल वा लेखापरीक्षक वा निजले लिखित रुपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ ।

***स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि उमेर पुगेको भन्नाले अठार वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्छ ।*

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारवाही करदाता स्वयंले गरेको मानिने छ ।

## परिच्छेद ६

## कर विवरण र कर दाखिल सम्बन्धी व्यवस्था

**३०. विवरण दाखिला गर्न आदेश दिन सक्ने :** (१) यस ऐन बमोजिम कर बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले एक महिना भित्र कार्यालयमा विवरण दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम म्याद भित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र कारण खोली समयावधि थपको लागि निवेदन दिएमा कर अधिकृतले तीस दिनसम्मको समयावधि थप दिन सक्नेछ ।

**३१. विवरण सच्याउन सकिने :** (१) यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भै सकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिला विवरण दाखिला भएको मितिले तीन (३) महिना भित्र यथार्थ, तथ्य र सही अंक सहितको अर्को विवरण प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदन उपर प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गर्न लगाई व्यहोरा मनासिव ठहर गरेको अवस्थाममा ३० दिन भित्र विवरण सच्याउने समयवधि थप दिन सक्नेछ ।

**३२. कर रकमको जानकारी दिने :** (१) आर्थिक ऐनको व्यवस्था बमोजिम करदाताले तिर्नुपर्ने कर रकम निर्धारण गरी करदाताहरुलाई सोको अग्रिम जानकारी दिने दायित्व राजस्व शाखाको हुनेछ ।

(२) करदाताहरुलाई तिर्नुपर्ने कर रकमको जानकारी दिन राजस्व शाखाले पत्राचार वा सूचना प्रविधिका अन्य माध्यमहरुलाई प्रयोगमा ल्याउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कर निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिखित समय सीमाभित्र कर दाखिला गर्नु पर्नेछ र समयभन्दा पहिले दाखिला गरेमा आर्थिक ऐन बमोजिम छुट दिनु पर्नेछ ।

**३३. कर दाखिला गर्नु पर्ने :** (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर ऐनको सम्बन्धीत परिच्छेदहरुमा समय उल्लेख गरिएकोमा सोही समय सीमा भित्र र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्ष भित्र राजस्व शाखा वा नगरपालिकाले तोकेको स्थानमा दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कर दाखिला प्रयोजनको लागि करदाताले अनलाईन सेवा वा बैंक मार्फत नगरपालिकाले तोकिदिएको बैंक खातामा कर रकम दाखिला गर्न सक्नेछ ।

(३) यस ऐन बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नुपर्ने कर त्यस्तो करकट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

**३४. कर दाखिलाको निस्सा दिनुपर्ने :** करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजश्व वा अन्य रकम बुझाए पछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ ।

## परिच्छेद ७

## कर परिक्षण तथा निर्धारण सम्बन्धी व्यवस्था

**३५. कर परिक्षण र कर निर्धारण :** (१) यस ऐन वमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परिक्षण गरी कर निर्धारण गरिनेछ :-

(क) खातापाता, हरहिसाव वा अभिलेख दुरुस्त नदेखिएमा,

(ख) गलत वा झुठो कागजात/ विवरण संलग्न गरिएको देखिएमा,

(ग) यथार्थ कारोबार नदेखिएको विश्वास गर्नुपर्ने कारण भएमा,

(घ) कारोबारका आधारमा करको दायित्व कम देखाएकोमा,

(ङ) करको दर फरक पारेकोमा,

(च) कानून बमोजिम कर छुट वा मिनाह हुन नसक्नेमा पनि सोको दावी गरेकोमा ।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा कर अधिकृतले करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्यादभित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र स्पष्टीकरण पेश गरेकोमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेको अवस्थामा कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ ।

(५) स्वयं कर निर्धारण गरी विवरण पेश गरेको मितिले चार वर्ष भित्र कर अधिकृतले पुनः कर निर्धारण वा संशोधित कर निर्धारण गनुपर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्ने छ ।

**३६. कर निर्धारणको सूचना :** (१) आर्थिक ऐनको व्यवस्था बमोजिम करदाताले तिर्नुपर्ने कर रकम निर्धारण गरी करदाताहरुलाई सोको अग्रिम जानकारी दिने दायित्व राजस्व शाखाको हुनेछ ।

(२) करदाताहरुलाई तिर्नुपर्ने कर रकमको जानकारी दिन राजस्व शाखाले पत्राचार वा सूचना प्रविधिका अन्य माध्यमहरुलाई प्रयोगमा ल्याउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कर निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिखित समय सीमाभित्र कर दाखिला गर्नु पर्नेछ र समयभन्दा पहिले दाखिला गरेमा आर्थिक ऐन बमोजिम छुट दिनु पर्नेछ ।

## परिच्छेद ८

## कर संकलन सम्बन्धी व्यवस्था

**३७. कर संकलन सम्बन्धी व्यवस्था :** (१) यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर तथा गैर कर राजस्व वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले

प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरिका अपनाई कर असूल गर्न सक्नेछ :-

(क) करदातालाई फिर्ता गर्नुपर्ने भए त्यसमा कट्टी गरेर,

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संघसंस्थाबाट करदाताले पाउने रकमबाट कट्टी गर्न लगाएर,

(ग) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टी गर्न लगाएर,

(घ) करदाताको कारोबार रोक्का गरेर,

(ङ) करदाताको चल तथा अचल सम्पत्ति दावी वा कब्जा गरेर,

(च) करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी तोकिए बमोजिम लिलाम विक्री गरेर ।

(२) उपदफा (१) को खण्ड (च) बमोजिम लिलामको कारवाही शुरु भएपछि सो कारवाही समाप्त हुनुपूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कर तथा जरिवाना रकममा थप पाँच प्रतिशत शुल्क सहित असूल गरिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नुपर्ने कर रकमभन्दा बढी भएमा बढी भएजति रकम साठ्ठी दिनभित्र सम्बन्धित करदातालाई फिर्ता दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

३८. **किस्तावन्दीमा कर असूली :** कुनै खास करदातालाई बिशेष परिस्थितिको अवस्थामा समयमा कर तिर्न नसक्ने भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुँझ गर्दा कारण सन्तोषजनक देखिएमा बढीमा एक वर्ष भित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ ।

## परिच्छेद ९

## कर फिर्ता र समायोजन

**३९. कर फिर्ता सम्बन्धी व्यवस्था :** (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नुपर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फिर्ताको लागि परेको निवेदनको व्यहोरा साँचो ठहरिएमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति लिई निवेदन परेको एक महिना भित्र माग बमोजिम कर फिर्ता दिनु पर्नेछ ।

**४०. कर समायोजन सम्बन्धी व्यवस्था : (१)** करदाताले दफा ३९ बमोजिम फिर्ता पाउने ठहरिएको रकम दाखिला गर्नुपर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुन आएको निवेदनको व्यहोरा साँचो देखिएमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति लिई निवेदन प्राप्त भएको एक महिनाभित्र माग बमोजिम कर समायोजन गर्ने आदेश दिनु पर्नेछ ।

## परिच्छेद १०

## जरिवाना शुल्क र ब्याज

**४१. जरिवाना लाग्ने :** यस ऐनको पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर विगोको दश प्रतिशत जरिवाना गर्न सक्नेछ ।

**४२. व्याज लाग्ने :** यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर समयमा दाखिला नगरेमा बुझाउनु पर्ने रकमको वार्षिक दश प्रतिशत व्याज लाग्ने छ ।

**४३. अभिलेख नराखेमा शुल्क लाग्ने :** यस ऐन बमोजिम राख्नुपर्ने कर्तव्य भएका करदाता (आर्थिक कारोबारका आधारमा कर बुझाउनु पर्ने दायित्व भएका) ले अभिलेख नराखेमा रु.१,०००।- शुल्क लाग्ने छ ।

**४४. समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्ने** : यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण रु.१,०००।- शुल्क लाग्ने छ ।

**४५. पुनः व्याज नलाग्ने :** यस ऐन बमोजिम लाग्ने शुल्क, व्याज र जरिवानामा पुनः व्याज लाग्ने छैन ।

## परिच्छेद ११

## पूर्वादेश र प्रशासकीय पुनरावलोकन

**४६. पूर्वादेश माग गर्न सक्ने :** (१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा ऐनका व्यवस्था बारे दुविधा भएमा सोको निराकरणका लागि निजले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिएकोमा प्रमुख प्रशासकीय अधिकृतले दुविधा निराकरण गर्न पूर्वादेश जारी गरी करदातालाई सो पूर्वादेश उपलब्ध गराउने छ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भैसकेको विषयमा यस दफा बमोजिम पूर्वादेश जारी गर्न सकिने छैन।

(४) उपदफा (१) बमोजिमको पूर्वादेश अदालतको आदेशबाट अन्यथा नभएसम्म कायम रहने छ।

**४७. प्रशासकीय पुनरावलोकन हुन सक्ने :** यस ऐन बमोजिमका देहायको निर्णय माथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछ।

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण, र संशोधित कर निर्धारण सम्बन्धी निर्णय।

(ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैरकर राजश्व तथा अन्य दस्तुर, शुल्क, व्याज सम्बन्धी निर्णय।

**४८. प्रशासकीय पुनरावलोकनको प्रक्रिया :** (१) यस ऐन बमोजिमको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले ३० दिन भित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रशासकीय पुनरावेदनका लागि निवेदन दिन सक्नेछ।

(२) त्यस्तो प्रशासकीय पुनरावलोकनमा प्रमुख प्रशासकीय अधिकृतले राजश्व परामर्श समितिको राय सहित निवेदन परेपछिको पहिलो कार्यपालिकामा निर्णयार्थ पेश गर्नु पर्नेछ।

## परिच्छेद १२

## पुनरावेदन

**४९. उजुरी नलाग्ने :** यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजुर लाग्ने छैन ।

**५०. पुनरावेदन दिन सक्ने :** (१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले ६० दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(२) जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद १३

## समन्वय सम्बन्धी व्यवस्था

**५१. नेपाल सरकारसँग समन्वय :** (१) नगरपालिकाले संघीय कानून वा यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर वा गैरकर राजस्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन नगरपालिका वा सोको अधिकार प्राप्त अधिकारी वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) नगरपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैरकर राजस्वका आधार र दर वा कर प्रशासनसँग सम्बन्धित विषयमा नेपाल सरकारसँग समन्वय गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरी टुंगोमा पुऱ्याएका विषयहरु यस ऐनमा परे सरह मानिने छ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सोही अनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

**५२. प्रदेश सरसकारसँग समन्वय :** (१) नगरपालिकाले प्रदेश कानून वा यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर वा गैरकर राजस्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन नगरपालिका वा सोको अधिकार प्राप्त अधिकारी वा कर अधिकृतले प्रदेश सरकार वा प्रदेश सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) नगरपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैरकर राजस्वका आधार र दर वा कर प्रशासनसँग सम्बन्धित विषयमा प्रदेश सरकारसँग समन्वय गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यबस्था अन्तर्गत समन्वय गरिएका विषयहरु यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सोही अनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

**५३. केन्द्रीय बैंकसँग समन्वय :** नगरपालिकाले कर र गैरकर राजस्व संकलनका सम्बन्धमा केन्द्रीय बैंक (नेपाल राष्ट बैंक) सँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**५४. अन्य निकाय, कार्यालय र संघसंस्थासँग समन्वय :** नगरपालिका वा सोको अधिकारप्राप्त अधिकृतले कर तथा गैरकर राजस्वसँग सम्बन्धित विषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तर्गतका सरकारी निकाय, बैंक वा संघसंस्थासँग आवश्यक समन्वय गर्न सक्नेछ ।

## परिच्छेद १४

## राजश्व प्रस्ताव तर्जुमा तथा सूचना सम्बन्धी व्यवस्था

**५५. राजश्व सम्बन्धी नयाँ प्रस्ताव :** नगरपालिकाले कर तथा गैरकर सम्बन्धी नयाँ प्रस्ताव तयार गर्दा सरोकारवाला सँग परामर्श गर्नु पर्नेछ ।

**५६. सूचना सार्वजनिक गर्नु पर्ने :** (१) यस ऐन बमोजिम स्थानिय सरकारले लगाएको कर र गैर कर राजश्व उठाउने कार्यालयको प्रमुखले सो कर र राजश्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सर्वसाधारणको लागि सार्वजनिक गर्नु पर्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिमका कर, राजश्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाई वेभाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) नगरपालिकाले कर राजश्वका दर र हेरफेर सम्बन्धी विवरण केन्द्रीय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार अर्थ मन्त्रालय वा सो मन्त्रालयले तोकेको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद १५

## विविध

**५७. विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले विद्युतीय माध्यम (अनलाइन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखिला गर्ने एवं कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्बन्धी अन्य काम कारवाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ ।

**५८. कागजातको ढाँचा :** (१) यो ऐनमा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण, ढाँचा तरीका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**५९. सूचना तामेली रीत पुगेको मानिने :** (१) यस ऐन बमोजिम दिनुपर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिने छ :-

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,

(ग) निजको कानुन व्यवसायी वा लेखापाललाई बुझाएको,

(घ) नाबालिकको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,

(ङ) कार्यालय, संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको,

(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्रि गरी पठाएको ।

(२) कार्यालयको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्यूटर प्रविधिबाट इनस्क्रीप्ट वा इनकोड गरिएको, छाप लगाइएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिइएको कागजातलाई रीतपुर्वक मानिने छ ।

**६०. कागजातको अभिलेख राख्ने :** (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले नगरपालिकामा बुझाउनु पर्ने राजश्व सम्बन्धी आवश्यक कागजातहरु सुरक्षित गरी राख्नु पर्नेछ ।

(२) नगर कार्यपालिकाले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आय बर्ष समाप्त भएको मितिले कम्तिमा ४ बर्षको अवधीसम्म सुरक्षित राख्नु पर्नेछ ।

**६१. अदालतलाई भए सरहको अधिकार हुने :** यस ऐनको प्रयोजनको लागि नगर कार्यापालिकाको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानुन बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

**६२. आदेश वा निर्देशन दिन सक्ने :** संघीय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपालको संविधान र संघीय तथा प्रदेश सरकारले कर सम्बन्धी कानुन र यो ऐनको पालना गर्नु कार्यपालिकाको कर्तव्य हुनेछ ।

**६३. कर अधिकृतको परिचय पत्र :** कार्यालयमा काम गर्ने प्रत्येक कर अधिकृत र अन्य कर्मचारीले परिचय पत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको सिलसिलामा परिचय पत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ ।

**६४. विभागीय कारवाही र सजाय हुने :** (१) कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानि नोक्सानी पुऱ्याउने करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाता बीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुऱ्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानुन बमोजिम गर्नु पर्ने काम समयमा नगरी दुःख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुर परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानबिन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानुन बमोजिम आफूलाई कारवाही गर्ने अधिकार भएको विषयमा आफैले विभागीय कारवाही गर्ने र कारवाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारवाहीको लागि अधिकारप्राप्त अधिकारी समक्ष राय साथ पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम छानविन गर्दा प्रचलित कानुन बमोजिम अनुचित कार्य गरेको कुरा खुल्न आएमा अधिकार प्राप्त अधिकारीले आवश्यक कारवाही गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम छानविन र कारवाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानुन बमोजिम निलम्बन गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिम छानबिन गर्ने अवधी भर सो अधिकृतलाई कर अधिकृतको जिम्मेवारीबाट अलग राखिने छ ।

(६) उपदफा (३) बमोजिमको छानविन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने अवधि तीन महिना भन्दा बढी हुने छैन ।

**६५. पुरस्कृत गर्न सक्ने :** (१) नगरपालिकाले यथार्थपरक र विश्वासनीय तथा कानुनले तोकेको म्याद भित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने करदातालाई प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**६६. म्याद, हदम्याद नजाने :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिने छ :-

(क) अदालतबाट स्थगन भएको वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्म अवधि ।

**६७. नियम, निर्देशिका वा कार्यविधि बनाउने अधिकार :** यस ऐन बमोजिमको काम प्रभावकारी रुपमा कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

आज्ञाले,
गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत